नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः
चलानी संख्याः

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलज्यूको संयोजकत्वमा रहेको राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन आर्थिक वर्षको राष्ट्रिय स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरेको छ। सो मुताबिक राष्ट्रिय योजना आयोगले संवैधानिक निकाय तथा विषय क्षेत्रगत मन्त्रालयको लागि आगामी तीन आर्थिक वर्षको लागि बजेट सीमा निर्धारण गरी बजेट सीमा तथा बजेट तर्जुमा मार्गदर्शन पठाएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको व्यवस्था अनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि आगामी तीन आर्थिक वर्ष (आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२) को खर्च सीमाको निर्धारण तथा स्रोत अनुमान तयार गरेको छ। अनुमान तयार गर्दा देहायका विषयवस्तुलाई प्रमुख आधार लिइएको छ।

- संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति
- पन्ध्रौं योजना
- चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०७६/७७ – २०७८/७९)
- नेपाल सरकारको नीति तथा कार्यक्रम
- वर्तमान सरकारका साझा न्यूनतम कार्यक्रम
- कोभिड -१९को प्रभावबाट अर्थतन्त्रको समुत्थान

खर्च सीमा र स्रोत अनुमान गर्दा आगामी तीन वर्षको आर्थिक वृद्धिदर आ.व. २०७९/८०, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा क्रमशः ६.५ प्रतिशत, ६.९ प्रतिशत र ७.१ प्रतिशत हासिल हुने लक्ष्य लिइएको छ। यसैगरी मुद्रास्फीति पहिलो वर्ष ७ प्रतिशत तथा दोस्रो र तेस्रो वर्ष ६.५ प्रतिशतको सीमाभित्र रहने अनुमान रहेको छ।

**तालिका १. मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को लक्ष्य | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. | आर्थिक वृद्धिदर | प्रतिशत | ३.९८ | ७.० | ६.५ | ६.९ | ७.१ |
| | कृषि, वन तथा | प्रतिशत | २.३ | ३.९ | ३.५ | ३.६ | ३.७ |



फोन नं.: ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः
चलानी संख्याः

सिंहदरबार, काठमाडौं

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७७/७८ को उपलब्धि | २०७८/७९ को लक्ष्य | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| | मत्स्य | | | | | | |
| | उद्योग | प्रतिशत | ३.३ | १०.४ | १०.३ | १०.७ | ११.३ |
| | सेवा | प्रतिशत | ३.१ | ७.७ | ७.० | ७.५ | ७.८ |
| २. | मुद्रास्फीति | प्रतिशत | ३.६ | ६.५ | ७.० | ६.५ | ६.५ |
| ३. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ११९६ | १३०६ | १४४६ | १५९८ | १७७१ |
| ६. | आर्थिक जोखिम सूचकांक (EVI) | सूचकांक | २४.२ | २४ | २३.५ | २३ | २२.५ |
| ७. | मानव सम्पत्ति सूचकांक (HAI) | सूचकांक | ७५ | ७६ | ७७ | ७८ | ७९ |

खर्च सीमा निर्धारण तथा स्रोत अनुमान गर्दा आर्थिक वृद्धिदरको लक्ष्य र विषय क्षेत्रगत लक्ष्य हासिल गर्न आवश्यक स्रोतको आंकलन तथा अनुमान गरिएको छ। अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण समेत अध्ययन गरी खर्च सीमा तथा स्रोत निर्धारणमा आर्थिक वृद्धिदर, मुद्रास्फीति, राजस्व तथा वैदेशिक सहायता र आन्तरिक ऋण परिचालनलाई आधार लिइएको छ। वैदेशिक सहायताको अनुमान अर्थ मन्त्रालयबाट प्राप्त वैदेशिक सहायता प्राप्ति सम्बन्धी विवरणमा आधारित रहेको छ भने आन्तरिक ऋणको सीमा कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत भित्र रहने गरी अनुमान गरिएको छ। साथै, वित्तीय संघीयता अन्तर्गत अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजस्व बाँडफाँट एवम् प्रदेश र स्थानीय तहको खर्चको अवस्था र आवश्यकताका आधारमा मुद्रास्फीति समेतलाई ध्यान दिइएको छ। सो अनुसार आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२ मा नेपाल सरकारको कुल स्रोत वा खर्चको सीमा क्रमशः १७ खर्ब ४५ अर्ब, १९ खर्ब ३१ अर्ब र २१ खर्ब ९२ अर्ब रहने प्रारम्भिक अनुमान छ। नेपाल सरकारले संकलन गर्ने राजस्व आगामी तीन आर्थिक वर्षमा सरदर १५ प्रतिशत तथा संघीय सर्वसञ्चित कोषमा दाखिला हुने राजस्वको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २६ प्रतिशतको हाराहारीमा रहने अनुमान छ।

२

तालिका २. राष्ट्रिय स्रोतको आगामी तीन वर्षको अनुमान तथा प्रक्षेपण

रू. अर्बमा

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| नेपाल सरकारले संकलन गर्ने कुल राजस्व | १३५९ | १५६५ | १८०५ |
| संघीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व | १४९ | १७२ | १९८ |
| नेपाल सरकारले परिचालन गर्ने राजस्व | १२०९ | १३९३ | १६०७ |
| वैदेशिक सहायता | | | |
| अनुदान | ५१ | ५० | ५० |
| ऋण | २२८ | २२५ | २३५ |
| आन्तरिक ऋण | २५७ | २६३ | ३०० |
| नेपाल सरकार (संघ) को कुल स्रोत/बजेट | १७४५ | १९३१ | २१९२ |

राष्ट्रिय योजना आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तथा आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रमको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७८ तयार गरी स्वीकृत गरेको छ । सो मार्गदर्शन तथा ढाँचा सबै संवैधानिक निकाय तथा विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारलाई पठाइएको छ।एकातिर बजेटको माग वर्षैभरी भइरहने अर्कोतर्फ विनियोजित बजेट बाँडफाँट मुताबिक खर्च नहुने अवस्थालाई ध्यान दिई बजेट प्रणालीको अनुमानयोग्यता र विनियोजन कुशलतालाई मनन गर्दै आगामी आर्थिक वर्षको लागि खर्च हुने/खर्च गर्न सकिने कार्यक्रम तथा क्रियाकलापमा मात्र बजेट व्यवस्था/कार्यक्रम निर्माण गरी प्रभावकारी बजेट व्यवस्थापन गर्न यस मार्गदर्शनले निर्देशित गर्नेछ। साथै यस मार्गदर्शनले प्रदेश सरकार तथा स्थानीय तहहरूको आगामी आर्थिक वर्षको विकास कार्यक्रम तथा आयोजना र बजेट एवम् मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा पन्ध्रौं योजना, दिगो विकास लक्ष्य लगायतका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता हासिल गर्ने कार्यमा समेत सहयोग एवम् सामञ्जस्यता कायम गर्ने अपेक्षा रहेको छ। मार्गदर्शनमा समावेश भएका विषयवस्तु देहाय अनुसार रहेका छन्।

- कार्यक्रम तथा आयोजना प्रस्तावका आधार र ध्यान दिनुपर्ने विषय
- योजना तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन सम्बन्धी मार्गदर्शन
- समष्टिगत आर्थिक मार्गदर्शन
- विषय क्षेत्रगत मार्गदर्शन
    - ➢ आर्थिक क्षेत्र



फोन नं.: ०१-४२११०३२, ४२११११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

- सामाजिक क्षेत्र
- पूर्वाधार क्षेत्र
- अन्तरसम्बन्धित विषय क्षेत्र

- विषय क्षेत्रगत कार्यक्रम तथा बजेट सम्बन्धी मार्गदर्शन
- मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा
- कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा पेश गर्नुपर्ने विवरण

स्रोत अनुमान समितिले निर्धारण गरेको खर्च सीमा भित्र रही राष्ट्रिय योजना आयोगले विषय क्षेत्रगत मन्त्रालयको आगामी तीन आर्थिक वर्षको बजेट सीमा निर्धारण गरी सम्प्रेषण समेत गरेको छ। यस क्रममा देहायका पक्षलाई ध्यान दिइएको छ।

- संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति
- पन्ध्रौं योजना
- चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०७६/७७ - २०७८/७९)
- नेपाल सरकारको नीति तथा कार्यक्रम
- वर्तमान सरकारका साझा न्यूनतम कार्यक्रम
- राष्ट्र प्रमुख तथा सरकार प्रमुखबाट समय समयमा व्यक्त भएका विचार र मार्गनिर्देशन
- संसदीय समितिबाट भएका निर्देशन तथा सरकारले गरेका प्रतिबद्धता
- दिगो विकास लक्ष्य
- अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने विषय
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६
- विभिन्न कार्यविधि, मापदण्ड र मार्गदर्शन।

२०७८ फागुन २६ गते बिहीबार

राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाण्डौ



फोन नं.: ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np